# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


प.सं.०८०/०८१
च.नं. ४३५१

**खानेपानीको मुहान/भूमिगत जलस्रोत दर्ता तथा जल उपभोक्ता संस्थाहरु दर्ता /नविकरण गर्ने वारेको अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मिति: २०८०/१२/२७**

बुटवल नगर क्षेत्रभित्र साविकका आधिकारिक निकायबाट स्वीकृती लिई वा नलिई संचालनमा रहेका जल उपभोक्ता संस्थाहरुलाई बुटवल उपमहानगरपालिकाको जलश्रोत (उपयोग) ऐन,२०८० मा भएको व्यवस्था वमोजिम व्यवस्थापन र संचालन गर्नु पर्ने भएकोले त्यस्ता संस्थाहरु र बुटवल उपमहानगरपालिकाको साविक जलश्रोत उपयोग सम्बन्धी कार्यविधि,२०७९ बमोजिम दर्ता वा सूचिकृत प्रकृयामा भएका संस्थाहरुलाई संस्थाको विधानमा बुटवल उपमहानगरपालिकाको जलश्रोत (उपयोग) ऐन,२०८० बमोजिम परिमार्जन गर्नु पर्ने विषयमा १५ दिनभित्र आवश्यक परिमार्जन गरी विधान दर्ता , स्वीकृत वा सूचिकृत गराउन हुन र अधिवेशन स्थगित भएका संस्थाले परिमार्जित विधान स्वीकृत गराई १ महिनाभित्र नयां कार्य समितिको छनौटका लागि अधिवेशन सम्पन्न गरी जानकारी गर्नु गराउनु हुन र दर्ता वा सूचिकृत प्रकृयामा नभएका संस्थाहरु समेतले बुटवल उपमहानगरपालिकाको जलश्रोत (उपयोग) ऐन,२०८० बमोजिम संस्था दर्ता गर्नु गराउनु हुन सम्वन्धित सरोकारवालाहरुको जानकारीका लागि स्थानीय जलस्रोत समितिको निर्णय वमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

**<u>निवेदनसाथ संलग्न राख्नुपर्ने कागजातहरु:</u>**

१. खानेपानीको स्रोत दर्ता वा जल उपभोक्ता संस्था दर्ता/नविकरण सम्बन्धी निवेदन
२. ऐनको अनुसूचिमा तोकिए वमोजिमको जल उपभोक्ता संस्थाको प्रमाणित विधान २ प्रति
३. जल उपभोक्ता संस्थाका कार्यसमितिका पदाधिकारी/सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
४. नयां दर्ता हुने उपभोक्ता संस्थाको हकमा: क) उपभोक्ताहरुको भेलाको निर्णय प्रतिलिपी
ख) विषयगत कार्यालयको सिफारिस
ग) सूचना टांस गरेको मुचुल्का
५. नविकरण हुने उपभोक्ता संस्थाहरुको हकमा ऐनको अनुसूचि १ मा व्यवस्था भए वमोजिम विधान संशोधन प्रस्ताव सहित कम्तिमा कार्यसमितिको निर्णय प्रतिलिपी ।
६. सम्वन्धित वडा कार्यालयको सिफारिश पत्र ।
७. पानीको स्रोत र सेवा क्षेत्र ।
८. समितिले निर्णय गरे वमोजिम अन्य कागजातहरु ।
९. अन्य थप जानकारीका लागि वुटवल उपमहानगरपालिकाको सम्बन्धित शाखामा सम्पर्क गर्न सकिनेछ ।

स्थानीय जलश्रोत समिति
वुटवल उपमहानगरपालिका वुटवल ,रुपन्देही